इन्जिनियर यादवलाई पक्राउ गर्ने क्रममा स्थानीयले यादव निर्दोष रहेको भन्दै झन्डै ३ घन्टा सडक अबरुद्ध गरी पक्राउ गर्न अवरोध पुऱ्याएका थिए।

# जम्बो टोलीका साथ चीन जाँदै ओली

नेपाल समाचारपत्र

काठमाडौं

जम्बो टोलीको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओली आज मंगलबार चीन भ्रमणका लागि प्रस्थान गर्दै हुनुहुन्छ। टोलीमा सरकारीभन्दा नीजि क्षेत्र र गैरसरकारी क्षेत्रका प्रतिनिधिको संख्या बाक्लो छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार २८ जना अफिसियल टोलीमा सामेल छन् भने त्यसबाहेक अन्य सबै निजी क्षेत्र र विभिन्न संघ/संस्थाको प्रतिनिधित्व गर्दै चीन जाँदैछन्। भ्रमण टोली १ सय १० जनाभन्दा बढीको हुने बताइएको छ।

गृहमन्त्री रामबहादुर थापा बादल, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, उर्जामन्त्री वर्षमान पुन, भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठसहित ४ जना मन्त्री चीन प्रस्थान गर्दै हुनुहुन्छ। त्यसै गरी प्रधानमन्त्री पत्नी राधिका शाक्य, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, जनसम्पर्क सल्लाहकार अच्युत मैनाली र नेकपाका नेता तथा विदेश मामिला विज्ञ डा. राजन भट्टराई पनि टोलीमा संलग्न हुनुहुन्छ।

मुख्य सचिव लोकदर्शन रेग्मीसहित विभिन्न मन्त्रालयका सचिव र विभिन्न दलका सांसद, उद्योगी, व्यवसायीको ठूलो टोली पनि भ्रमण टोलीमा अटाएको छ। आफ्नो अघिल्लो कार्यकालमा निजी हवाइ कम्पनी हिमालयन एयरमार्फत चीन पुग्नुभएका प्रधानमन्त्री ओली यसपटक पनि सोही एयरलाइन्सबाट चीन पुग्दै हुनुहुन्छ। प्रधानमन्त्री नेतृत्वको टोली मंगलबार बिहान ९ बजे चीन प्रस्थान गर्ने ओलीका प्रेस संयोजक डा. कुन्दन अर्यालले जानकारी दिनुभयो।

## गोलाप्रथामा...

परशुराम मेघी गुरुङ, सुमनराज प्याकुरेल, दिनानाथ शर्मा, चन्द्रबहादुर खड्का, खगेन्द्रप्रसाद पुरी, शेरबहादुर कुँवर, नैनकला ओझा, शशिकला दाहाल, उदया शर्मा पौडेल, शान्तिकुमारी अधिकारी, कोमल ओली, कविता बोगटी, खिमकुमार विक, चक्रप्रसाद स्नेही, रामलखन चमार, जीवन बुढा र अगम वान्तावा राईको पदावधि भने ४ वर्ष कायम भएको छ।

सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ३ जनामध्ये रामनारायण बिडारीको कार्यकाल ४ वर्षको भएको छ। त्यस्तै १३ जनामध्ये नेपाली कांग्रेसका ७ सांसदको कार्यकाल २ वर्षको मात्र कायम भएको छ। यसरी २ वर्षको कार्यकाल निर्धारण हुनेमा सुरेन्द्रराज पाण्डे, बद्रिप्रसाद पाण्डे, सरिता प्रसाईं, मुक्ताकुमारी यादव, धनकुमारी खतिवडा, विन्दादेवी आले, दुर्गाप्रसाद उपाध्याय हुनुहुन्छ। गोलाप्रथा गर्दा नेकपाका ८ जना सांसदको कार्यकाल २ वर्षको टुंगो लागेको छ। यसरी २ वर्षको कार्यकाल रहेका सांसदमा हरिचरण शिवाकोटी, बलरामप्रसाद बास्कोटा, कालिबहादुर मल्ल, मीना बुढा, युटोल तामाङ, कमलाकुमारी ओली, खेमराज नेपाली, राजकुमार कुँवर हुनुहुन्छ।

संघीय समाजवादी फोरम नेपालका रामप्रित पासवान, राष्ट्रिय जनता पार्टी (राजपा) का रमेशप्रसाद यादव र वृशेषचन्द्र लालको पनि कार्यकाल २ वर्ष कायम भएको छ। सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ३ जनामध्ये २ वर्षको कार्यकालको गोलाप्रथामा अर्थमन्त्री युवराज खतिवडा पर्नुभएको छ।

सांसद खिमकुमार विक र रामचन्द्र राईले पहिलो चरणको गोला तान्दा शून्य वर्ष प्राप्त गरेकाले उनीहरूको दोस्रो चरणको गोलाप्रथाद्वारा कार्यकाल टुंग्याइएको थियो। केही बेरपछि पुन: तानिएको गोलाले विकको कार्यकाल ४ र राईको ६ वर्षको टुंगो लागेको छ। प्रत्येक प्रदेशबाट छानिएका अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूह र दलित समूहमध्येबाट ७ जनामा २/२ जनाको दरले २, ४ र ६ वर्ष छुट्याइएको थियो। दुवै समूहका बाँकी १ जनालाई शून्य वर्ष भनेर छुट्याइएको थियो। अन्तिममा शून्य वर्ष पाएका २ जनाबीच गोलाप्रथा गर्दा दलिततर्फबाट चुनिनुभएका विकको ४ र अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूहको तर्फबाट निर्वाचित रामचन्द्र राईको कार्यकाल ६ वर्षको टुंगो लागेको छ।

राष्ट्रियसभामा रहेका ७ वटै प्रदेशका सदस्यलाई महिला दलित, महिला अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूह, अन्य समूह तथा राष्ट्रपतिबाट मनोनित गरी विभिन्न ५ समूहमा विभाजन गरेर गोला छान्ने व्यवस्था गरिएको थियो।

निर्वाचनमा प्रत्येक प्रदेशबाट महिला ३, अन्य ३, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूह १ जना र १ जना दलित गरी ८ जना निर्वाचित भएका थिए।

सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा मनोनित ३ गरी ५९ सदस्य रहेका छन्। संघीय संसद्का महासचिव मनोहरप्रसाद भट्टराई नेतृत्वमा राष्ट्रियसभाका सदस्यको कार्यकाल निर्धारणका लागि गोलाप्रथा गरिएको थियो। ४ नम्बर प्रदेशबाट अन्य समूहमा निर्वाचित राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिनाको कार्यकाल ६ वर्ष, सोही कोटामा निर्वाचित तत्कालीन नेकपा माओवादी केन्द्रका सांसद दीनानाथ शर्माको ४ वर्ष र यही कोटामा चुनिएका कांग्रेस सांसद सुरेन्द्रराज पाण्डेको कार्यकाल २ वर्षको तय भएको छ। शर्मा नेकपा संसदीय दलको नेता र पाण्डे कांग्रेस संसदीय दलको नेता हुनुहुन्छ।

राष्ट्रियसभाको पहिलो बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यको पदावधि गणना गरिनेछ। पहिलो बैठक २०७४ साल फागुन २१ गते बसेको थियो। राष्ट्रियसभा नियमावली, २०७५ को परिच्छेद २७ को नियम २०८ देखि ५९ सदस्यीय राष्ट्रियसभामा तत्कालीन नेकपा एमालेका २९, नेपाली कांग्रेसका १३, नेकपा माओवादी केन्द्रका १०, राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमका २ /२ सदस्य रहेका छन्। राष्ट्रियसभाका २ सांसद मन्त्री हुनुहुन्छ। सांसद नभएको व्यक्ति बढीमा ६ महिनामात्र मन्त्री बन्न सक्ने संवैधानिक व्यवस्था छ।

## भूकम्पले...

भूकम्पबाट ३२ जिल्लाका ७ हजार ९ सय २३ वटा विद्यालयमा क्षति पुगेको थियो। २१ हजार १ सय ६९ कक्षाकोठा पूर्ण र १२ हजार ५ सय २२ कक्षाकोठामा क्षति पुगेको थियो। आंशिक क्षति पुगेको कक्षाकोठाको संख्या १५ हजार ९ सय ९० रहेको थियो।

तीमध्ये हालसम्म ३ हजार ७ सय ८५ विद्यालय निर्माण सम्पन्न भइसकेका छन्। विद्यालय व्यवस्थापन समितिमार्फत २ हजार ६ सय ८०, आयोजनामार्फत २२ तथा गैरसरकारी संस्थामार्फत १ हजार ८४ विद्यालय सम्पन्न भइसकेका छन्।

१ हजार ९ सय ९६ विद्यालय निर्माणाधीन अवस्थामा छन्। ४ सय ९४ विद्यालय निर्माणका लागि छनोट भएका छन्। छनोट भइरहेका विद्यालय भवन निर्माणको क्रममा रहेका छन्।

सरकारी तथ्यांकअनुसार ध्वस्त र क्षतिग्रस्त भएका सबै विद्यालय भवन निर्माण गर्न १ खर्ब ३० अर्ब रुपियाँ लाग्ने अनुमान छ। तीमध्ये ७१ अर्ब रूपियाँको स्रोत पहिचान भएको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सहसचिव कृष्ण दवाडीले तत्काल रकम अपुग रहेको देखिए पनि २ वर्षभित्र रकम जुटाएरै छाड्ने दाबी गर्नुभयो।

शिक्षा मन्त्रालयका योजना महाशाखाका प्रमुख एवं प्रवक्ता वैकुण्ठ अर्यालले पुनर्निर्माणलाई प्रभावकारी बनाउन मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो- 'भूकम्पले ध्वस्त भएका मात्र होइन, सामान्य क्षति पुगेका विद्यालयको पनि निर्माण गर्नुपर्ने छ। यसको लागि सरोकारवाला निकायबीच समन्वय गरेर जान्छौं।'

यसैबीच ललितपुर, गोरखा, धादिङ, रसुवा, नुवाकोट र मकवानपुर गरी ६ जिल्लाका २ सय ३६ विद्यालय बनाउने जिम्मा लिएको जाइकाले अहिलेसम्म जम्मा ४ वटा विद्यालय मात्र बनाएको छ।

सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली ओखलढुङ्गा, काठमाडौं र भक्तपुरका १ सय ५४ विद्यालय बनाउने जिम्मा लिएको एडीबीले अहिलेसम्म १३ वटा विद्यालय पुनर्निर्माण गरेको छ।

एडीबीको ऋणमा यूएसएआईडीको अनुदानमा उक्त कार्य गर्न सरकारसँग सम्झौता भएको थियो। दोलखा, रामेछाप, गोरखा, धादिङ, रसुवा, नुवाकोट, ललितपुर र मकवानपुर गरी ८ जिल्लामा प्रतिजिल्ला १ विद्यालय पुनर्निर्माण गर्ने गरी जाइकाले सरकारसँग सम्झौता गरे पनि प्रभावकारीरूपमा काम भएको छैन।

दुई ठूला छिमेकी मुलुक भारत र चीनले प्रतिबद्धता जनाएअनुसार विद्यालय भवन निर्माण हुन सकेको छैन। भारतीय सरकारको अनुदान सहयोगमा ७ जिल्लामा १०-१० वटाका दरले ७० वटा विद्यालय बनाउने योजना रहेको थियो। तीमध्ये अहिलेसम्म १० वटा पनि बन्न सकेको छैन। रसुवा र सिन्धुपाल्चोकका ४ वटासहित ७ विद्यालय बनाउने घोषणा गरेको थियो। तीमध्ये हालसम्म कुनै पनि विद्यालय पुनर्निर्माण भएको छैन तर दरबार हाइस्कुल भने निर्माणको चरणमा छ।

तथ्यांकअनुसार आपतकालीन विद्यालय पुनर्निर्माण आयोजनाअन्तर्गत ललितपुर, गोरखा, धादिङ, रसुवा, नुवाकोट र मकवानपुरमा १ अर्ब ४० करोड लागतमा २ सय ३६, भूकम्प आपतकालीन सहायता आयोजनाले काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंगा, काठमाडौं र भक्तपुरमा १९ अर्ब लागतमा १ सय ५४ वटा विद्यालय पुनर्निर्माण गर्ने योजना रहेको थियो।

त्यस्तै भूकम्प प्रभावित सामुदायका लागि विपद् जोखिम न्यूनीकरण तथा जीवनयापन पुन:स्थापना आयोजनाअन्तर्गत करिब ८० करोड लगानीमा ८, विपद् उत्थानशील सार्वजनिक विद्यालय भौतिक संरचना र समुदाय परियोजनाअन्तर्गत भूकम्प प्रभावित १४ जिल्लामा २० अर्ब रुपियाँ लागतमा १ सय ८० विद्यालय पुनर्निर्माण र १ सय ३८ रेक्ट्रोफिट गर्ने, गैरसरकारी संस्थाबाट १ हजार ५ सय र विद्यालय व्यवस्थापन समितिमार्फत ६ हजार विद्यालय पुनर्निर्माण गर्ने योजना रहेको थियो।

## मुख्यालयमा...

अहिले ५ वर्षभन्दा बढी समय प्रहरी प्रधान कार्यालयमा अड्डा जमाएर बसेकालाई सरुवा गर्न थालेपछि अहिले नेताकहाँ धाउने प्रहरी जवानदेखि अधिकृतसम्मको भीड बढेको छ। 'गृहमन्त्री रामबहादुर थापाले प्रहरीभित्र देखिएको अनुशासनहीनतालाई तोड्न प्रहरी महानिरीक्षक खनालालाई निर्देशन दिएपछि उहाँले अहिले प्रहरी प्रधान कार्यालय सफाइ अभियान शुरू गर्नुभएको छ' -एक प्रहरी उच्च अधिकारीले नेपाल समाचारपत्रसँग भने।

प्रहरी प्रधान कार्यालयमा विगत २८ वर्षदेखि कार्यरत रहेका प्रहरी कर्मचारीसमेत फेला परेपछि गृह मन्त्रालयले समेत उनीहरूलाई जुनसुकै हालतमा प्रधान कार्यालयबाट बाहिर पठाउनु भनेपछि प्रधान कार्यालयले मुख्यालयमा कार्यरत सबै प्रहरी कर्मचारीको बसाइ अवधिको अभिलेख उतार्न कर्मचारी प्रशासन शाखालाई निर्देशन दिएको थियो।

झन्डै १ महिनाको प्रयासपछि कर्मचारी प्रशासन शाखाले प्रहरी प्रधान कार्यालयमा रहेका सबै विभाग र कार्यालयमा कार्यरत कर्मचारीको रेकर्ड उतारेर प्रहरी महानिरीक्षको सचिवालयलाई दिएको थियो। सचिवालयले उनीहरूको कार्य मूल्यांकनका आधारमा उनीहरूलाई उपत्यकाबाहिर खटाएको हो।

प्रहरी जवानदेखि प्रहरी अतिरिक्त महानिरीक्षकमा खालि रहेका पदमा बढुवा गर्ने तयारीस्वरूप बढुवा प्रक्रिया अपनाउँदा वर्तमान प्रहरी महानिरीक्षमाथि गम्भीर आरोपसमेत लागेको छ। उहाँले योग्य र काबिल अफिसरलाई पाखा लगाएर पहुँचको आधारमा बढुवा गरेको भन्दै सार्वजनिकरूपमा आलोचनासमेत भएको थियो।

प्रहरी महानिरीक्षक खनालले आफूले मात्र चाहेर केही अफिसरलाई न्याय दिन नसकेको बताउँदै आइरहेको बेला अहिले ५ वर्षभन्दा बढी समय मुख्यालयमा बस्नेलाई मुख्यालय बाहिर पठाउने काम भएको ती अधिकारीले बताए।

# न्यायाधीश नियुक्तिविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं, (नेस)

संविधानविपरीत जिल्ला न्यायाधीश नियुक्ति गरेको भन्दै सर्वोच्च अदालतमा रिट दायर भएको छ। न्याय परिषद् र न्याय सेवा आयोगलाइ विपक्षी बनाई अधिवक्ता उज्वलराम श्रेष्ठले जिल्ला न्यायाधीश नियुक्ति गर्दा न्याय परिषद्ले समावेशी र दलित कोटामा पुन: परीक्षाबाट पूर्ति गर्नुपर्ने दाबी गर्दै रिट दायर गराउनुभएको हो। समावेशी सिद्धान्तका आधारमा न्यायाधीश नियुक्त गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि जिल्ला न्यायाधीशको परीक्षामा समावेशी तहमा कुनै पनि व्यक्ति उत्तीर्ण नभएको भन्दै निवेदनमा पुन: परीक्षा सञ्चालन गर्न माग गरिएको छ।

अधिवक्ता श्रेष्ठले दायर गरेको रिटमा भनिएको छ- 'म निवेदक संविधानको धारा १४९ को उपधारा २ को खण्ड 'ग' बमोजिम छुट्याइएको जिल्ला न्यायाधीश पदका लागि योग्य व्यक्ति हुँ। संविधानबमोजिम परीक्षामार्फत् पूर्ति गर्नु पर्ने जिल्ला न्यायाधीशको रिक्त पदको लागि छुट्याइएको प्रतिशतमा थपघट गर्नु संविधानको मर्म तथा उद्धेश्य प्रतिकूल हुन्छ।' सो निर्णय संविधान प्रतिकूल भएकाले कार्यान्वयन नगर्न नगराउनसमेत निवेदक श्रेष्ठले रिटमा उल्लेख गर्नुभएको छ।

संविधानमा जिल्ला न्यायाधीशमा ८० प्रतिशत परीक्षाबाट नियुक्त गर्ने भनिए पनि समावेशी तहमा परीक्षार्थी उत्तीर्ण नभएको बहानामा परिषद्ले आफू निकट व्यक्ति सिफारिस गर्ने गरेको दाबी निवेदनमा उल्लेख छ। परिषद्लाई परीक्षाबाट पूरा गर्नुपर्ने कोटामा तजबिजी अधिकार प्रयोग गरी सिफारिस गर्ने अधिकार नभएको निवेदनमा जिकिर गरिएको छ। परिषद्ले संविधानको धारा १४९ (क) लाई मिचेर (ख) र (ग) बमोजिम न्यायाधीश नियुक्ति गरेको समाचार केही दिनअघि नेपाल समाचारपत्रले प्रकाशन गरेको थियो।

# घूस लिएको आरोपमा इन्जिनियर पक्राउ

दोलखा, (नेस)

दोलखाको कालिञ्चोक गाउँपालिकाबाट १ जना इन्जिनियरलाई अख्तियारको टोलीले सेवा ग्राहीसँग घूस लिएको आरोप आज पक्राउ गरेको छ।

कालिञ्चोक गाउँपालिकाको ९ सुन्द्रावतीमा पुनर्निर्माणमा खटिएका करारमा कार्यरत इन्जिनियर रामनरेश यादवलाई काठमाडौं र हेटौंडाबाट आएको अख्तियारको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक ज्ञानबहादुर तमाङले जानकारी दिनुभयो। तमाङका अनुसार इन्जिनियर यादवलाई पुनर्निर्माणको क्रममा स्थानीयसँग ९ हजार रूपियाँ घूस लिएको आरोप लागेको छ। इन्जिनियर यादवलाई पक्राउ गर्ने क्रममा स्थानीयले यादव निर्दोष रहेको भन्दै झन्डै ३ घन्टा सडक अबरुद्ध गरी पक्राउ गर्न अवरोध पुऱ्याएका थिए।

दोलखाका प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकले सेवाग्राहीसँग घूस लिएको आरोप लागेका कालिञ्चोक गाउँपालिकाका इन्जिनियर यादवलाई अख्तियारको टोलीले पक्राउ गर्ने क्रममा स्थानीयले अवरोध गरेपछि कालिञ्चोक गाउँपालिकाका अध्यक्ष विनकुमार थामीलगायत जनप्रतिनिधि र दोलखाको प्रहरी टोली पुगेर अवरोध हटाएपछि यादवलाई अख्तियार टोलीले पक्राउ गरी लगेको बताए।

## न्युरो...

चिकित्सा सेवामा झन्डै साढे तीन दशक बिताउनुभएका डा. देवकोटाले २५ हजारभन्दा बढी स्वदेशी तथा विदेशीको शल्यक्रिया गर्नुभएको थियो भने १० लाखभन्दा बढीको उपचार गर्नुभएको थियो। आफ्नो जीवनभर चिकित्सा पेशामा रहनुभएका डा. देवकोटालाई विश्वमा नै दुर्लभ मानिएको क्यान्सरले सताएको थियो।

उहाँको पित्तवाहिनी नलीको क्यान्सरले शरीरमा फैलिएको टक्सिनका कारण मिर्गौलासमेत फेल भएको थियो। उहाँलाई भएको बाइल डक्ट क्यान्सर (कोलान्जिओकार्सिनोमा) दुर्लभ खालको क्यान्सर मानिन्छ। उहाँले दुनियालाई बचाउन औषधि र उपचार विधि पत्ता लगाउनु भए पनि आफ्नै लागि भने सम्भावना भएन भन्दै आफन्तले भावविह्वल हुँदै स्मरण गरिरहेका छन्।

# दर्ता भएको १३ दिनमा मुद्दाको फैसला

सीताराम अधिकारी, धादिङ

जिल्ला अदालतले अदालतमा मुद्दा दर्ता भएको १३ दिनमै जबरजस्ती करणी र हाडनाता करणीको मुद्दाको निरन्तर सुनुवाइ गरी पीडितलाई न्याय दिएको जनाएको छ।

सोमबार जिल्ला अदालतले एक गर्भवती १५ वर्षीया बालिका जबरजस्ती करणी गर्ने बेनिघाट रोराङ गाउँपालिका-५ का २० वर्षीय कपिल सुनारलाई १५ वर्ष कैद गरी अभियुक्तबाट २५ हजार क्षतिपूर्ति भराउन आदेश गर्दै फैसला गरेको छ।

अभियुक्त विकलाई जबरजस्ती करणीमा ७ वर्ष, गर्भवतीलाई करणी गरेकामा थप ५ वर्ष र ३ पुस्ताभित्रको हाडनातामा करणी गरेकामा थप ३ वर्ष सजाय गर्ने फैसला गरेको हो।

अभियुक्त विकलाई १५ वर्ष कैद गर्दै क्षतिपूर्ति दिन आदेश गरिएसँगै महिला तथा बालबालिका कार्यालयलाई २ लाख ५० हजार तत्काल क्षतिपूर्ति भराइदिन जिल्लान्यायाधीस उमेश कोइरालाको इजलासले आदेश गरेको छ।

अभियुक्त विकले २०७४ चैत २५ मा पछिल्लो ३ पुस्ताभित्रको १५ वर्षीया ती बालिका बलात्कार गरेपछि प्रहरीले जाहेरीको आधारमा जेठ १ गते गिरफ्तार गरेको थियो। बालिकाको पेटमा बच्चा भएको र बच्चा भएको अवस्थामा समेत बलात्कार गरेको प्रमाणित भएको छ।

जिल्ला अदालतमा गत जेठ २२ गते दर्ता भएको मुद्दा निरन्तर सुनुवाइ गरी १३ दिनपछि असार ४ गते फैसला गरिएको जिल्ला अदालतका श्रेस्तेदार उदयराज काफ्लेले बताउनुभयो। पीडितलाई क्षतिपूर्ति भराउन र न्याय दिलाउनका लागि मुद्दाको फैसलासमेत मुद्दाको फैसला भएकै दिन तयार भएको छ। सहायक जिल्ला न्यायाधीवक्ता महेन्द्रप्रसाद पौड्याल र अधिवक्ता रामचन्द्र भट्टले बहस गर्नुभएको थियो।

पीडित पक्षलाई न्यायको अनभूति हुने गरी अपराधीले पीडितलाई अत्यावश्यक क्षतिपूर्ति तिर्न नसक्ने अवस्थामा राज्य नै अभिभावक भएकाले महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति भराउन आदेश गरिएको सहायक जिल्ला न्यायाधीवक्ता पौडेलले बताउनुभयो।


# अन्तरघातीलाई कारबाही गर्छु : देउवा

चितवन, (नेस)

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अन्तरघातीलाई कारबाही गर्दै पार्टीलाई एक ढिक्का बनाउने अभियानमा लागेको बताएका छन्।

सोमबार चितवनको भरतपुरमा नेपाल दलित संघले आयोजना गरेको प्रदेशस्तरीय दलित प्रतिनिधिका लागि २ दिने प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले पार्टीभित्रका अन्तरघातीलाई कारबाही गरी छाड्ने चेतावनी दिए। उनले पार्टी एक हुनुको विकल्प नरहेको भन्दै कांग्रेसलाई अन्तरघातमुक्त पार्टी बनाउन आफू लागिपरेको बताए।


हार्दिक श्रद्धाञ्जली



जन्म
१९७९

स्वर्गारोहण
२०७५।०२।२५

स्व. तुलसी देवी ऐर

हाम्रा प्रात: स्मरणीय हजुरआमा तुलसी देवी ऐरको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस शोकाकुल घडीमा हामीप्रति समवेदना एवम् सहानुभूति प्रकट गर्नुहुने आफन्तजन, ईष्टमित्र तथा शुभचिन्तकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

नाती
हिमालय सिंह ऐर
तथा ऐर परिवार



क्याम्पस प्रमुखको कार्यालय
त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
लमजुङ क्याम्पस, सुन्दर बजार, लमजुङ

B.Sc.Ag अतिरिक्त कार्यक्रम (Annex Programme) मा भर्ना सम्बन्धी सूचना

शैक्षिक वर्ष ०७४/०७५ मा लमजुङ क्याम्पसमा अतिरिक्त कार्यक्रम (Annex Programme) अर्न्तगत खुल्ला ५० र स्थानीय कोटा ३ गरी जम्मा ५३ सिटको लागि B.Sc.Ag अध्ययन गर्न चहाने विद्यार्थीहरूले सूचना प्रकाशित मितिले ७ दिन (मिति २०७५/३/५ गतेदेखि २०७५/३/११) भित्र यस क्याम्पसको लेखा शाखाबाट रु. २००/- को बिल काटी नगरिकता प्रमाणपत्रको फोटोकपी संलग्न गरी क्याम्पसमा आवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीको लागि लमजुङ क्याम्पसको फोन नं. ०६६-४०२०३७/३८ मा सम्पर्क गर्न वा अध्ययन संस्थानको वेवसाईट www.iaas.edu.np मा हेर्न सकिनेछ।

लमजुङ क्याम्पस



नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
(पुर्वी राप्ती नदी नियन्त्रण योजना)
पुल्चोक, ललितपुर

निर्माण कार्यमा ढिलासुस्ती भएकोमा स्पष्टिकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति : २०७५/०३/०५

यस विभाग अर्न्तगत पुर्वी राप्ती नदी नियन्त्रण कार्यको लागि तपसिलमा उल्लेखित निर्माण कार्यको खरिद सम्झौता गरी निर्माण व्यवसायीहरुले सम्झौता बमोजिम कार्य सञ्चालन एंव सम्पन्न गर्ने तर्फ बारम्बार कार्यालयले लिखित एवं मौखिक ताकेता गर्दा समेत कुनै चासो नदेखाएकोले यो सूचना प्रकाशन गरिएको छ। निर्माण कार्यको लागि पेश भएको कार्यतालिका बमोजिम के कति कारणले निर्माण कार्य नसकिएको वा रोकिएको हो सो को कारण र विवरण सहित स्पष्टिकरण पेश गर्न र सम्झौता अनुसारको कार्य सम्पन्न गर्नको लागि भरपर्दो संसोधित कार्यतालिका, स्रोत परिचालन योजना र समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित सम्बन्धित फर्म/कम्पनीका आधिकारिक व्यक्ति सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र स्वयं उपस्थित हुन जानकारी गराईन्छ। अन्यथा ठेक्का सम्झौताको सर्त, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) र सार्वजनिक खरिद नियमावली २०६४ अनुसारको कारवाही प्रकृया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| सि.नं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|---|
| १. | ERRTP/01-073/074 | चितवन, शुक्रनगर, बयरघारीमा इम्वैंकमेण्ट रिभेटमेण्ट लन्चिंग निर्माण गर्ने कार्य | दिपश्री इन्जिनियरिंग प्रा.लि., काठमाण्डौ-१३, ताहाचल |
| २. | ERRTP/02-073/074 | चितवन, जगतपुर, ध्रुवेघाटमा रिभेटमेण्ट र स्टड निर्माण गर्ने कार्य | दिपश्री इन्जिनियरिंग प्रा.लि., काठमाण्डौ-१३, ताहाचल |
| ३ | ERRTP/04-073/074 | मकवनपुर मनहरी, ज्यामिरेमा इम्वैंकमेण्ट रिभेटमेण्ट लन्चिंग निर्माण गर्ने कार्य | दिपश्री इन्जिनियरिंग प्रा.लि., काठमाण्डौ-१३, ताहाचल |